**प्रेस विज्ञप्ति**

**माघ ८, २०८२**

# एन आई सी एशिया बैंक र सूर्यज्योति लाइफ इन्स्योरेन्सबीच सम्झौताः बीमित र अभिकर्ताहरूलाई लाइफ टाइम निःशुल्क क्रेडिट कार्ड प्रदान गरिने

एन आई सी एशिया बैंक र सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी बीच सूर्यज्योति लाइफ इन्स्योरेन्सका वीमित र बीमा अभिकर्ताहरूलाई यस बैंकले लाइफ टाइम निःशुल्क क्रेडिट कार्ड सेवा प्रदान गर्ने सम्बन्धी एक रणनीतिक साझेदारी गर्ने समझदारी भएको छ। काठमाडौंमा आयोजित एक कार्यक्रमका वीच दुई संस्थावीच समझदारी पत्रमा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री सुजित कुमार शाक्यज्यू र सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री प्रकाश विक्रम खत्रीज्यूले हस्ताक्षर गर्नुभयो । यसबाट सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीका बीमित तथा अभिकर्ताहरूले वार्षिक शुल्क बिना क्रेडिट कार्ड प्राप्त गर्ने अवसर प्राप्त गर्दै निजहरूलाई आकस्मिक वित्तीय आवश्यकता व्यवस्थापन गर्न र डिजिटल भुक्तानीका सुविधाहरू उपयोग गर्न थप सहज वनाउनेछ ।

ग्राहक महानुभावहरूलाई परिष्कृत र सुलभ बैंकिङ्ग सेवा प्रदान गर्ने निरन्तरको प्रयास स्वरूप बैंकले सूर्यज्योति लाइफसँग गरेको यो सहकार्यबाट सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीमा आबद्ध बीमित र अभिकर्ताहरूलाई क्रेडिट कार्डको माध्यमबाट डिजिटल अर्थतन्त्रमा जोड्न थप लाभ पुग्ने बैंकले विश्वास लिएको छ।

धिरेन्द्र प्रसाद वाग्ले

प्रमुख-ब्राण्डिङ्ग एन्ड कर्पोरेट कम्युनिकेसन डिपार्टमेन्ट

NIC ASIA BANK LTD.
REGISTERED OFFICE KATHMANDU